नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभागको

## **२०८३ असार महिनामा खपत भएको विद्युत सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी सार्वजनिक सूचना।**

प्रस्तुत विषयमा आर्थिक ऐन, २०८३ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन गरी विद्युत सेवा प्रदान गर्ने व्यक्तिले अन्तिम उपभोक्तालाई पाँच प्रतिशत तथा अन्य व्यक्तिको सम्बन्धमा तेह्र प्रतिशतका दरले मूल्य अभिवृद्धि कर असुल गर्ने व्यवस्था गरेको छ। सोही आधारमा उपभोक्ताको संवत् २०८३ साल आषाढ ३२ गते सम्मको खपतको बिलिङ संवत् २०८३ साल श्रावण १ गते भएको खण्डमा मू.अ. कर आकर्षित हुने वा नहुने। साथै, संवत् २०८३ साल श्रावण १ गते देखि जारी गरिएको कर वीजकमा न्यूनतम चार्ज वा Demand Charge मा मूल्य अभिवृद्धि कर आकर्षित हुने वा नहुने सम्बन्धमा सर्वसाधारण, उपभोक्ता तथा कतिपय व्यवसायीहरूमा अन्योल र द्विविधा उत्पन्न भएको विषयमा विभागको ध्यानाकर्षण भएको छ।

विद्युत सेवामा आर्थिक ऐन, २०८३ को दफा ५५ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (१ख) र सोही दफाको उपदफा (२) को खण्ड (२ख) बाट मूल्य अभिवृद्धि कर ऐन २०५२ मा संशोधन गरी मूल्य अभिवृद्धि कर असुल हुने र आर्थिक ऐन, २०८३ को दफा १ को उपदफा (२) मा दफा ५५ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (१ख) र सोही दफाको उपदफा (२) को खण्ड (२ख) संवत् २०८३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन् भन्ने व्यवस्था गरेको छ। तसर्थ, कुनै उपभोक्ताको संवत् २०८३ साल आषाढ ३२ गते सम्मको विद्युत उपभोग/खपत वापतको विलिङ्ग २०८३ श्रावण वा सो भन्दा पछि भएता पनि २०८३ साल श्रावण १ भन्दा अगाडी उपभोग/खपत भएको विद्युत शक्तिमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ समूह २ः आधारभूत आवश्यकताका वस्तुहरूमा विद्युत शक्ति (२७१६.००.००) समावेश भएको हुँदा सो अवधीको त्यस्तो सेवा खपतमा मूल्य अभिवृद्धि कर छुट हुने भएकाले मूल्य अभिवृद्धि कर आकर्षित हुने देखिँदैन।

नेपाल विद्युत प्राधिकरणले लिने स्वीकृत ट्यारिफ (Tarrif) अनुसार विद्युत खपतमा न्यूनतम चार्ज वा Demand Charge असुल गर्ने रकम समेत विद्युत सेवा बापत नै भएकोले संवत् २०८३ साल श्रावण १ गते देखि भएको विद्युत शक्तिको खपतमा न्यूनतम चार्ज वा Demand Charge मा पनि मूल्य अभिवृद्धि कर आकर्षित हुने हुँदा द्विविधा नरहन सम्बन्धित सबैमा जानकारी गराइन्छ।